राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ मङ्सिर ९ गते

# महिला हिंसा रोक्ने काम घरबाटै शुरु गर्नुपर्छ : अध्यक्ष

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले महिलाविरुद्ध हुने हिंसा रोक्ने काम घरबाटै शुरु गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

महिला हिंसाविरुद्धको १६ दिने अभियानको सन्दर्भमा आयोगमा मङ्गलबार आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष शर्माले यस्तो आवश्यकता औंल्याउनुभएको हो ।

उहाँले महिला हिंसाविरुद्धको अभियानलाई घरबाट अघि बढाएर जनस्तरको व्यापक घेरासम्म पुऱ्याउनुपर्ने आवश्यकतामाथि चर्चा गर्दै महिलालाई सशक्तीकरण गर्ने र समाजका प्रत्येक सदस्यले महिला हिंसा रोक्ने प्रतिबद्धता जाहेर गर्ने गरेमा अभियानले मूर्त रूप पाउने धारणा राख्नुभयो ।

सो अवसरमा आयोगका सदस्य मोहना अन्सारीले महिलामाथि हुने हिंसा अन्त्य गर्न समाजका प्रत्येक सदस्यको सजग र सतत् प्रयत्न आवश्यक रहेको बताउनुभयो । उहाँले सबैमा महिला हिंसा अन्त्य गर्ने प्रतिबद्धता र आत्मबल हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा आयोगका 'लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा' का प्रमुख सरिता ज्ञवालीले महिला हिंसाविरुद्ध अभियानको पृष्ठभूमिमाथि प्रकाश पार्दै महिला हिंसा अन्त्य गर्न हामी सबैले आ-आफ्नो तहबाट योगदान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा आयोगका सदस्य प्रकाश वस्ती र गोविन्द शर्मा पौड्याल उपस्थित हुनुहुन्थ्यो ।

वेदप्रसाद भट्टराई
कामु सचिव